# नेपाल कम्युनिष्ट पार्टी (माओवादी)
# Communist Party Of Nepal (Maoist)
## केन्द्रीय समिति
## Central Committee

युद्ध-विरामको घोषणापछि हाम्रो पार्टीको स्थायी समितिको विस्तारित बैठक अध्यक्ष क. प्रचण्डको अध्यक्षतामा सम्पन्न भयो । बैठकका निर्णयहरुको सारसंक्षेप सार्वजनिक गर्न यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

१-जनयुद्ध र त्यस पूर्वका तमाम ज्ञात-अज्ञात शहीदहरुप्रति सम्मान व्यक्त गर्दै अगाडि बढेको यस बैठकमा उपस्थित सम्पूर्ण कमरेडहरुबाट वर्तमान परिस्थितिबारे अनुभूतिजन्य सकारात्मक रिपोर्ट प्रस्तुत गरियो ।
२-देशको वर्तमान सन्दर्भमा युद्ध-विराम र वार्ता प्रक्रियाको रणनैतिक महत्ववारे क. प्रचण्डद्वारा प्रस्तुत विश्लेषणलाई वैठकद्वारा एकमतले पारित गरिएको छ । त्यस अनुसार यो युद्ध-विराम र वार्ता प्रक्रियालाई देश र जनताको पक्षमा सकारात्मक निकास सहित सफल पार्न पार्टी पूर्ण जिम्मेवारी र गंभीरताका साथ प्रस्तुत हुने निष्कर्ष निकालिएको छ ।
३- वैठकले देशमा विद्यमान गृहयुद्धको अवस्थालाई शान्तिपूर्ण वार्ताद्वारा समाधान गरिनु पर्दछ भनी आवाज उठाउने तथा त्यसका लागि पहल र योगदान गर्ने देशका सम्पूर्ण मानवअधिकारवादी लगायतका संघ-संस्था, बौद्धिक व्यक्तित्व, राजनैतिक दल एवं आम जनसमुदायप्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गरेको छ । साथै यो दिशामा सहयोग पुऱ्याउन निरन्तर प्रयाररत कतिपय अन्तर्राष्ट्रिय संघ-संस्थाहरुप्रति पनि बैठकले आभार प्रकट गरेको छ ।
४- वार्ता प्रक्रियालाई जिम्मेवारी पूर्वक अगाडि बढाउनका लागि बैठकले केन्द्रीय वार्ता टोलीको पूनर्गठन गरेको छ । नवनिर्मित वार्ता टोली निम्नअनुसार रहेको छः– क.बाबुराम भट्टराई– संयोजक, क.रामबहादुर थापा (क.वादल)-सदस्य, क. देव गुरुङ्ग-सदस्य, क. कृष्णबहादुर महरा-सदस्य र क.मातृकाप्रसाद यादव-सदस्य ।
५- अहिलेको बदलिएको सन्दर्भमा बैठकले पार्टी, सेना र मोर्चाद्वारा संयुक्त रुपमा घोषित आगामी फाल्गुण १ र २ गतेको "नेपाल बन्द"लगायत त्योसंग सम्बन्धित संघर्षका कार्यक्रमहरुलाई फिर्ता लिने निर्णय गरेको छ । जनयुद्धको आगामी वार्षिकोत्सव, शहीद सप्ताह लगायतका नियमित कार्यक्रमहरुलाई आ-आफ्नो स्थितिअनुसार शान्तिपूर्ण ढंगले उत्सवका रुपमा मनाउन सबै क्षेत्र एवं जिल्लाहरुलाई निर्देशन गर्ने ठेगान भएको छ ।
६- वार्ता प्रक्रियालाई सहज र गंभीरतापूर्वक अगाडि बढाउन निश्चित बौद्धिक र राजनैतिक व्यक्तित्वहरुलाई सहजकर्ताका रुपमा सहयोग गरी दिन अनुरोध गर्ने समेत बैठकले निर्णय गरेको छ ।

७- युद्ध-विरामको घोषणा र त्यसको वरिपरि चलेका कैयौं अफवाह र भ्रम प्रति वैठकको ध्यान आकर्षित भएको छ । वैठक स्पष्ट गर्न चाहन्छ कि युद्ध-विरामको घोषणा र आजसम्म पनि हाम्रो पार्टीका कुनै केन्द्रीय सदस्यहरुको दरबारिया सत्तापक्षका कसैसँग पनि कुनै प्रकारको भेटघाट, गोप्य सम्बन्ध रहेको भन्ने प्रचार सम्पूर्ण रुपले झुट्टो हो । वार्ताको निमित्त वातावरण बनाउन पहल गर्ने केही निश्चित मानवअधिकारवादी र राजनीतिक व्यक्तित्वहरुसंग परोक्ष सम्बन्धबाहेक हाम्रो पार्टी केन्द्रको कसैसँग कुनै अपादर्शि सम्बन्ध नरहेको तथ्य स्पष्ट गर्दै बैठक त्यस प्रकारका अफवाहप्रति सावधान रहन जनसमुदायसँग अनुरोध गर्दछ । वार्ताका निमित्त विभिन्न पक्ष र कोणबाट पहल हुँदै आएको सत्तापक्षबाट पनि केही समयदेखि वार्ताको चाहना व्यक्त भइरहेको तथा हाम्रो पार्टीले समेत निश्चित न्यूनतम सर्त पूरा गरी वातावरण बनाइएमा वार्तामा बस्न तयार रहेको सार्वजनिक घोषणाका सन्दर्भ र पृष्ठभूमिमा वर्तमान युद्ध-विराम कुनै आकस्मिक परिघटना नभएकोकुरा स्पष्ट हुन्छ । यो बैठक यहाँ यो कुरा पनि स्पष्ट गर्न चाहन्छ कि विभिन्न राजनैतिक दल र बौद्धिक व्यक्तित्वहरुको गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधान सभा मार्फत प्रतिगमनका विरुद्ध अग्रगामी राजनैतिक निकासका लागि संघर्षरत तथा त्यसका लागि देशका प्रमुख राजनैतिक दलहरुका प्रमुख नेताहरुसंग निरन्तर सम्पर्क र अन्तरक्रियामा रहँदै आएको हाम्रो पार्टीले वार्ता प्रक्रियामा राजनैतिक दलहरुको महत्व र भूमिकालाई अवमूल्यन गर्ने कुराको आशंका कतैबाट नगरियोस् । हामी देशलाई आजको जटिल राजनीतिक स्थितिबाट मुक्त गर्न पूर्वाग्रहरहित ढंगले यो वार्ता प्रक्रियालाई सत्ता पक्ष र हाम्रो पार्टीको मात्र नभएर सम्पूर्ण राजनैतिक दल, बौद्धिक व्यक्तित्व र आम जनसमुदायको वार्ता प्रक्रिया बनोस र त्यस प्रक्रियाबाट नयाँ शान्त र प्रगतिशील नेपालको जन्म होओस् भन्ने चाहन्छौं । गोलमेच सम्मेलनको हाम्रो मर्म र औचित्य भनेको नै यही हो । स्वभाविक रुपले हामी सत्ता पक्ष, सबै राजनैतिक दल र बौद्धिक व्यक्तित्वहरुबाट त्यही गंभीरताको अपेक्षा गर्दछौं ।
मिति १९ माग ०५९

(प्रचण्ड)

प्रचण्ड

अध्यक्ष
ने.क.पा.(माओवादी)
केन्द्रीय समिति